# कर्जा चुक्ता स्थगनको लागि आवेदन दिने विधिहरूको बारेमा जानकारी

## 1 कर्जा चुक्ता स्थगनको आवेदन गर्न सकिने अवस्था तथा आवेदनको लागि आवश्यक कागजातहरूको बारेमा

| | कर्जा चुक्ता स्थगनको आवेदन गर्न सकिने अवस्था | आवश्यक कागजात |
|---|---|---|
| (1) | भूकम्प वा आगलागी आदिबाट प्रभावित भएको | प्रकोप क्षति प्रमाणपत्र, विपद प्रमाणपत्र जस्ता प्रकोपबाट प्रभावित भएको पुष्टि गर्ने कागजात |
| (2) | बिरामी भएर स्वास्थ्य लाभ गरिरहेको | चिकित्सा प्रमाणपत्र वा बिरामी प्रमाणपत्र जस्ता बिरामी भएर स्वास्थ्य लाभ गरिरहेको पुष्टि गर्ने कागजात |
| (3) | रोजगारी गुमाएको वा काम छोडेको | काम छोडेको वा रोजगारी गुमेको भनी पुष्टि गर्न सक्ने कागजात, जस्तै सेवानिवृत्ति प्रमाणपत्र वा काम छोडेको प्रमाणपत्र |
| (4) | छात्रवृत्ति वा व्यावसायिक कर्जा (आवास कर्जा बाहेक) जस्ता अन्य ऋणहरूको भुक्तानीको लागि कर्जा चुक्ता स्थगन प्राप्त गरेको | अन्य ऋणहरूको भुक्तानीको लागि कर्जा चुक्ता स्थगन प्राप्त गरेको भनेर पुष्टि गर्ने कागजात |
| (5) | आत्मनिर्भरता परामर्श सहायता संस्थासँग लिएको परामर्शको परिणाम स्वरूप उक्त संस्थाले कर्जा चुक्ता स्थगन गर्न उपयुक्त छ भनी राय प्राप्त गरेको | आत्मनिर्भरता सहायता संस्थाबाट प्राप्त राय पत्र |
| (6) | (1) देखि (5) बाहेक अन्य कारणहरूले कर्जा चुक्ता गर्न गाह्रो भएको | पेस गर्नुपर्ने कागजात छैन<br>***अनिवार्य रूपमा आवेदनपत्रको "आवेदनका कारणहरू लेख्ने ठाउँभित्र" ठोस रूपमा कर्जा चुक्ता गर्न गाह्रो भएको अवस्था भर्नुहोस्।** |

*ऋण मोचनको लागि आवेदन दिएका व्यक्तिहरूले पनि आवेदन दिन सकिन्छ।

## 2 आवेदन विधि

माथि ① देखि ⑤ मा पर्ने व्यक्तिहरू: दायाँपट्टिको आवेदनपत्रमा आवश्यक जानकारी भरेर यसलाई काट्ने लाइनबाट काटेर अलग गरि माथिका आवश्यक कागजातहरू सँगै हुलाक मार्फत पठाउनुहोस्।

माथि ⑥ मा पर्ने व्यक्तिहरू: दायाँपट्टिको आवेदनपत्रमा आवश्यक जानकारी भरेर यसलाई काट्ने लाइनबाट काटेर अलग गरि आवेदन फारम मात्र हुलाक मार्फत पठाउनुहोस्।

*** "आवेदनका कारणहरू लेख्ने ठाउँभित्र" नभरिएको आवेदन अपूर्ण मानिनेछ र छानबिनमा समय लाग्ने कुरामा सचेत हुनुहोस्।**

## 3 आवेदनको म्यादको बारेमा

**रेइवा 7 (सन् 2025) साल जनवरीदेखि कर्जा चुक्ता स्थगन गराउन चाहनुहुन्छ भने रेइवा 6 (सन् 2024) साल नोभेम्बर 29 तारिख (शुक्रबार) (पोस्टमार्क मान्य) सम्म आवेदन दिनुहोस्।** *रेइवा 6 साल डिसेम्बर 17 तारिखपछि गरिएका आवेदनहरू रेइवा 7 साल फेब्रुअरीबाट कर्जा चुक्ता स्थगन लागु गरिने भएकोले रेइवा 7 साल जनवरीको भागको कर्जा चुक्ता गर्नुपर्नेछ।

## 4 छानबिनको परिणामको बारेमा

लिखित रूपमा नतिजा सूचित गर्नेछौं। *आवेदन दिएको दिनदेखि परिणाम पठाउने दिनसम्म करिब एक देखि डेढ महिना समय लाग्छ।

*छानबिनको अवस्था अनुसार ऋण मोचनको लागि आवेदन दिइसकेकाहरूलाई पनि सूचना आउन सक्छ।

## 5 निवासी कर छुट भएको अवस्था बाहेकको कारणले ऋण मोचनको लागि आवेदन दिने बारेमा

यदि कर्जा चुक्ता सुरु भएपछि निम्न मध्ये कुनै पनि तपाईंमा लागू हुन्छ भने तपाईंले ऋण मोचनको लागि छुट्टै आवेदन दिन सक्नुहुन्छ। यदि आवेदन दिन चाहनुहुन्छ भने सुरुमा कृपया तलको सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्।

- जीवनयापन सुरक्षा भत्ता प्राप्त गरिरहेको व्यक्ति
- मानसिक स्वास्थ्य कल्याण हाते पुस्तिका (तह 1) वा शारीरिक अपाङ्गता हाते पुस्तिका (तह 1 वा 2) प्राप्त गरेका व्यक्ति

[सम्पर्क स्थान]
**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद    कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**
[टेलिफोन नम्बर] 050-2018-1839 [सम्पर्क हुने समय] सोमवारदेखि शुक्रवार (सार्वजनिक बिदाको दिन बाहेक) 9:00~17:00 https://www.fukushi-saitama.or.jp/site/problem_33.html

(中央にキリトリ線表示)

# जीवनयापन कल्याण कोष सापटी रकम सापटी प्रणाली अन्तर्गत आपत्कालीन सानो कोष जस्ता विशेष सापटी रकमको कर्जा चुक्ता स्थगनको लागि आवेदन फारम

तलका सबै बुँदाहरूको पुष्टि गरी त्यसमा सहमति गरेपछि म तल देखाइए अनुसार कर्जा चुक्ता स्थगनको लागि आवेदन दिन्छु।

क  यस विशेष व्यवस्थामा कर्जा चुक्ता स्थगनको निर्णय भएको खण्डमा आत्मनिर्भरता परामर्श सहायता संस्थालाई उक्त संस्थाको कामकाज सम्पन्न गर्नको लागि उपयोग गर्नको निम्ति म आफ्नो व्यक्तिगत जानकारी दिन सहमत छु।

ख  भरेको व्यक्तिगत जानकारीलाई म यस प्रणालीको लागि आवश्यक हदसम्ममा तेस्रो पक्षलाई उपलब्ध गराउने कुरामा सहमत छु ।

ग  म यस श्री समाज कल्याण परिषदद्वारा यस प्रणालीको लागि आवश्यक हदसम्ममा स्थानीय तह समाज कल्याण परिषदहरू, आत्मनिर्भरता परामर्श सहायता संस्थाहरू, स्थानीय स्वायत्त सरकारी निकायहरू र अन्य सम्बन्धित संस्थासँग खोजी गरी मेरो व्यक्तिगत जानकारी उपलब्ध गराउने कुरामा सहमत छु।

रेइवा  साल  महिना  तारिख

ऋणीको नाम ______________________

फोन नम्बर ______________________

*** अनिवार्य रूपमा बायाँ खाली ठाउँमा आफ्नो पुरा नाम (सूचनामा लेखिएको नाम) ले हस्ताक्षर गर्नुहोस्।**

साइतामा प्रिफेक्चर समाज कल्याण परिषद अध्यक्ष ज्यू

| | | |
|---|---|---|
| आवेदनको कारण (☑ लगाउनुहोस्) | ☐(1) भूकम्प वा आगलागी आदिबाट प्रभावित भएको<br>☐(2) बिरामी भएर स्वास्थ्यलाभ गरिरहेको<br>☐(3) रोजगारी गुमाएको वा काम छोडेको<br>☐(4) छात्रवृत्ति वा व्यावसायिक कर्जा (आवास कर्जा बाहेक) जस्ता अन्य ऋणहरूको भुक्तानीको लागि कर्जा चुक्ता स्थगन प्राप्त गरेको<br>☐(5) आत्मनिर्भरता परामर्श सहायता संस्थासँग लिएको परामर्शको परिणाम स्वरूप उक्त संस्थाले कर्जा चुक्ता स्थगन गर्न उपयुक्त छ भनि राय प्राप्त गरेको<br>*** (1) देखि (5) मा टिक लगाउनुभएको छ भने कृपया टिक लगाएका बुँदाहरूको स्थिति देखाउने कागजात संलग्न गर्नुहोस्।**<br>☐(6) माथिको (1) देखि (5) बाहेक अन्य कारणहरू<br>*** (6) मा टिक लागाउनुभएको छ भने कृपया ऋण चुक्ता गर्न गाह्रो भएको अवस्थाको बारेमा अनिवार्य रूपमा लेख्नुहोस्।**<br>जीवनयापन, आम्दानी आदिको सम्बन्धमा * **सकेसम्म धेरै विस्तृतमा लेख्नुहोस्।** | |
| कोषको प्रकार | 《विशेष सापटीको नाम》 | |
| सापटीको विवरण | ऋण रकम | 《सापटी रकम》 येन |
| | सापटी कोड | 《कोष कोड》《सापटी कोड》 |
| | स्थगन अवधि | 1 वर्ष<br>*तल देखाइएको स्थगन पछिको ऋण चुक्ता अवधि आवेदन समय अनुसार फरक हुनेछ। |

| | | | |
|---|---|---|---|
| **स्थगन अघि** ऋण चुक्ता अवधि | 《ऋण चुक्ता सुरु गर्ने दिन》 देखि<br>《ऋण चुक्ता गरिसक्नुपर्ने अन्तिम दिन》 सम्म | **स्थगन पछि** ऋण चुक्ता अवधि | 《स्थगन पछि ऋण चुक्ता सुरु गर्ने दिन》 देखि<br>《कर्जा चुक्ता स्थगन पछिको म्याद》 सम्म |

*999999999*

SAMPLE